११

# ख्रीष्ट र शैतानको बीचमा भइरहेको महान बैचारिक युद्धमा पत्रुसको धाराणा

***यस अध्यायका मूल पदहरू:*** १ पत्रुस २:९,१०, व्यवस्था १४:२, १ पत्रुस ४:१-७, २ पत्रुस १:१६-२१, २ पत्रुस ३:३-१४, दानिएल २:३४,३५।

***यस अध्यायको मूल सार पद:*** "तर परमेश्वरले तिमीहरूलाई उहाँका जनहरू हुन चुन्नुभएको थियो। तिमीहरू राजकिय पूजारीहरू हौ। तिमीहरू पवित्र राष्ट्र हो। तिमीहरू परमेश्वरको मातहतमा रहेका जनहरू हौ। उहाँको प्रशंसा र स्तुति गाउन सक्षम् बनाउन परमेश्वरले तिमीहरूलाई चुनिएको हो। उहाँले तिमीहरूलाई अन्धकारबाट अचम्मको ज्योतिमा ल्याउनुभएको थियो।" (१ पत्रुस २:९ रूपान्तरित)।

ख्रीष्ट र शैतानको बीचमा भइरहेको महान् बैचारिक युद्धको बिषयवस्तुले पत्रुसका लेखहरू भरिएका छन्। हुनसक्छ अरू भन्दा उनलाई व्यक्तिगत अनुभवबाट नै शैतानको चलखेलमा पर्न कस्तो सजिलो रहेछ भनेर थाहा थियो। येशूप्रति आस्था राखेर हिंड्दा कस्तो संघर्ष गर्नुपर्दो रहेछ भन्ने कुरामा उनी अत्यन्त संबेदनशील थिए। आखिरमा पत्रुसले नै लेखेका थिए: "तिमीहरू आत्मसंयम बन। आफ्नो सुरक्षाप्रति चनाखो होऊ। तिम्रो शत्रु शैतान गर्जिने सिहँ जस्तै तिमीहरूको वरिपरि डुलीरहन्छ। कसैलाई चपाउन र निल्न त्यस सिहँरूपी शैतान ताक परेर बसेको हुन्छ।"-१ पत्रुस ५:८ (रूपान्तरित)।

बिभिन्न तरिकाले संघर्ष उघ्रिरहेको पत्रुसले पाउँदछन्। त्यो संघर्ष बिशेष गरेर बाहिर भन्दा पनि चर्चमै भइरहेको पाइन्छ। चर्चमा सुरूमा भेंडाभएर सङ्गति गर्न आउँछन् र समावेश हुन्छन् तर पछि परमेश्वरप्रति आलोचनात्मक बन्छन् र उहाँको बारेमा नकारात्मक धारणाहरू राख्न थाल्छन् र ख्रीष्टको आगमनको बारेमा सोच्न पनि चाहँदैनन्। चर्चको खिल्ली उडाउनेहरूप्रति पत्रुसले कडा शब्दमा आलोचना गर्दछन्। यो किनभने यदि ख्रीष्टको आगमनको प्रतिज्ञामा हुनुपर्ने आशा बिलाएर गइयो भने येशूभक्त हुनुको औचित्य के छ र?

हुनसक्छ आफ्नै असफलताले गर्दा विश्वास तथा आस्थाप्रति पत्रुस अत्यन्त समर्थक बनेको होला। अरूले आफू येशूलाई पछ्याउने भनेर खिसी नगरुन् भनेर येशूलाई चिन्दिनँ भनेर अस्वीकार गरेर आममानिसमा सम्मिलित हुन

चाहनुको अर्थ के हो भनेर उनलाई थाहा थियो। आफूलाई क्रिश्चियन वा इसाई हुँ भनेर दावी गर्नेहरूले प्रभुकै उच्च बोलाहत अनुसार चल्न योग्य हुन पत्रुस आह्वान गर्दछन्।

## १. अन्धकारबाट ज्योति (१ पत्रुस २:९,१०)

पत्रुसले १ पत्रुस २:९,१०मा ख्रीष्ट र शैतानको बीचमा भइरहेको संघर्षलाई कसरी पर्दाफास गरेका छन्, सो मनन गर्नुहोस्। हेर्नुहोस्ः ९ तर तिमीहरू त चुनिएका वंश, राजकीय पूजाहारीगिरी, पवित्र जाति, परमेश्वरका निजी प्रजा हौ। उहाँले तिमीहरूलाई अन्धकारदेखि उहाँका उदेकको ज्योतिमा ल्याउनुभयो, ताकि तिमीहरूले उहाँका आश्चर्यपूर्ण कार्यहरूको घोषणा गर्न सकोस। १० एक पल्ट तिमीहरू प्रजा थिएनौ, तर अब तिमीहरू परमेश्वरका प्रजा भएका छौ। एक पल्ट तिमीहरूले कृपा पाएका थिएनौ, तर अब तिमीहरूले कृपा पाएका छौ।"

"पुजारीहरूका राज्य र पवित्र राष्ट्र" भन्ने वाक्यहरू प्रस्थान १९:६, व्यवस्था ७:६ (व्यवस्था १४:२मा दोहोर्‍याइएको)बाट निकालिएका हुन्। प्रभु येशूलाई बिश्वास गरेपछि त्यस विश्वासको परिधिभित्र रहनेहरुलाई "चुनिएका", "पवित्र जनहरू", "परमेश्वरको निम्ति नै तयार पारिएका जनहरू" र "विशेष धन वा सम्पत्ति" भनेर सम्बोधन गरिएको छ। ती हौसला दिने शब्दहरू प्रस्थानको समयमा इस्राएलीहरूलाई दिइएका थिए। परमेश्वरका जनहरू दासत्वबाट फुत्किएका थिए र परमेश्वरले प्रतिज्ञा गर्नुभएको देशमा जाँदै थिए। पत्रुसले ती परमेश्वरका जनहरू र उनको समयको चर्चका सदस्यहरूको बीचमा तुलना गर्दछन्।

त्यसको अर्थ पत्रुसले जुन् वर्णन गर्दछन् त्यो कुनै अन्तिम नभएर निरन्तर भइरहने कुरो हो। हो, हामीलाई परमेश्वरले उहाँलाई प्रेम गर्न र सेवा गर्न उहाँले चुन्नुभएको छ। हामीलाई अन्धकारबाट उज्यालोमा ल्याइएको छ भनेर उहाँको सार्वजनिकै रूपमा प्रशंसा गर्नुपर्छ। शैतानले संसारलाई अन्धकारमा पारेको छ। तर हामी परमेश्वरको उज्यालोमा आएका छौं भन्दैमा हामी सिद्ध हुन गएका छौं भनेर भन्न सक्दैनौं (फिलिप्पी ३:१२ पढ्नुहोस्)। तर हामी पापी छौं र कमजोरी छौं भनेर स्वीकार गर्नु नै हाम्रो निम्ति येशूलाई पछ्याउने र उहाँको धार्मिकता हामीहरूको जीवनमा चाहना गर्ने चरम निर्णयमा पुग्नु हो।

" हाम्रो निम्ति यस्तो प्रावधान बनाइएको छ कि प्रत्येक पापी ख्रीष्टमा आउन सकुन्। 'तब हामी आफैले धार्मिकतामा गरेका कामबाट होइन, तर उहाँको आफ्नै कृपाअनुसार पुनर्जीवनको स्नानद्वारा र पवित्र आत्माद्वारा भएको नवीकरणबाट उहाँले हामीलाई मुक्ति दिनुभयो' (तितस ३:५ रूपान्तरित)। यदि शैतानले तपाईंलाई खुसुक्क यो भने रे 'तिमी त पापी अधर्मी हौ। परमेश्वरले तिमीलाई केही पनि सहयोग गर्नुहुन्न। उहाँको आश गर्नुपर्दैन।" तब उसलाई भन 'ख्रीष्ट यस संसारमा पापीहरूको निम्ति आउनुभयो। हामी आफैले परमेश्वरको सामु योग्यका छौं भनेर शिफारिस गर्न सक्दैनौं। हामीहरूको असहाय अवस्थाले गर्दा हामीहरूलाई ख्रीष्टको मुक्ति दिने शक्तिको आवश्यकता पर्दछ। हामीहरूको आफै आत्मनिर्भर छौं भन्ने खालका घमण्डलाई पन्छाउनु जरुरी छ। अनि कलभरीको क्रुसमा हेरेर यो भन्न सक्षम् हुन्छौं, 'मेरो हातमा कुनै मोल ल्याउन सक्दिनँ तर केवल तपाईंको क्रुसलाई पक्रिराख्न म चाहन्छु।'" एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. ३१७बाट रूपान्तरित।

हो, अन्धकारबाट परमेश्वरको अचम्मको ज्योतिमा हामीलाई ल्याइएको छ भनेर हामीलाई थाहा छ (१ पत्रुस २:९)। हामी ख्रीष्टमाथि भरपर्नुपर्छ भनेर जिकिर गर्नु अत्यन्त जरुरी छ। उहाँ "हाम्रो निम्ति परमेश्वरको बुद्धि र ज्ञान हुनुभएको छ। उहाँले नै हामीलाई परमेश्वरसँग उचित सम्बन्ध राख्ने प्रावधान मिलाउनुहुन्छ। उहाँले हामीलाई पवित्र बनाउनुहुन्छ र पापबाट स्वतन्त्र गर्नुहुन्छ।" (१ कोरन्थी १:३० रूपान्तरित)।

तपाईंको कमजोर क्रियाकलाप र चरित्रको खोटले तपाईंलाई निराश पार्दा तपाईंको दिमागमा कस्तो खालका कुराहरू खेल्न थाल्छन्? तिनीहरूलाई तपाईंले कसरी थन्क्याउनुहुन्छ? यस्तो प्रतिकूल वातावरणलाई तपाईंले आफ्नै आत्मिक फाइदाको निम्ति कसरी सम्हाल्न खोज्न सक्नुहुन्छ?

## २. दौंतरीको दवाब अर्थात् साथीहरूको कर गर्ने बानीलाई सम्हाल्ने (१ पत्रुस ४:१-७)

हामीहरूले कस्तो खालको जीवनशैली तथा रहनसहन अपनाउँछौं त्यो किन महत्त्वपूर्ण छ? ख्रीष्टको आगमनको प्रतिज्ञामा रहेका हामीहरू तयार हुन त्यसले कसरी प्रभाव पार्दछ? हेर्नुहोस् १ पत्रुस ४:१-७ "१ जसरी ख्रीष्टले शरीरमा दुःख भोग्नुभयो, त्यसरी नै तिमीहरूले पनि त्यही किसिमको विचार धारण गर, किनभने जसले शरीरमा दुःख भोगेको छ, त्यसले पाप गर्न छोड़ेको

हुन्छ। २ यसरी त्यसले आफ्नो जीवनको रहनसहन फेरि मानिसको कुइच्छामा होइन, तर परमेश्वरको इच्छामा बिताउँछ। ३ बितेका दिनमा अन्यजातिहरूले गरेझैं तिमीहरूले व्यभिचार, कुवासना, मद्यपान, मोजमज्जा, पियक्कड़पन र घृणित मूर्तिपूजामा प्रशस्त समय बितायौ। ४ तिमीहरू तिनीहरूसँग भ्रष्टताको बाटोमा नहिँड़का देखेर तिनीहरू छक्क पर्छन्, र तिमीहरूको हँस्सी उडाउँछन् । ५ तर जीवित र मृतकहरूका न्याय गर्न तत्पर हुनुहुनेलाई तिनीहरूले लेखा दिनुपर्नेछ। ६ यसैकारण मृतकहरूलाई पनि सुसमाचार सुनाइयो, ताकि तिनीहरूले मानिसहरूजस्तै शरीरमा इन्साफ पाए तापनि आत्मामा तिनीहरू परमेश्वरजस्तै जिऊन्। ७ सबै कुराको अन्त्य नजिकै आएको छ। यसकारण आफ्ना प्रार्थनाको निम्ति शुद्ध मनको होऊ र सचेत भइरहो।" (रूपान्तरित)।

विगत दिनहरूमा येशूलाई नचिंदा विश्वासीहरूले आफ्ना वरिपरीरहेका मानिसहरूको दवावबाट तिनीहरूको इच्छा अनुसार प्रसस्त जीवन बिताइसकेको छ भनेर पत्रुसले भन्दछन् (१ पत्रुस ४:३)। अब तिनीहरूमा परिवर्तन आएको छ। विगतको चालामालमा नहिँड्दा विश्वासीहरूलाई अरू मानिसहरूले अनौठो मान्छ होला। त्यसले गर्दा परमेश्वरमा विश्वास नगर्ने मानिसहरूले विश्वासीहरूको बारेमा अनेकन् नकारात्मक अल्ला फिजाउँन सक्छन् (१ पत्रुस ४:४)। त्यतिमात्र होइन शैतानले हामीहरूका पुराना मित्रहरूलाई प्रयोग गरेर परमेश्वरको बाटोमा हिँड्नबाट हामीलाई निराशमा पनि पार्न सक्छ।

त्यसरी मानसिक आक्रमण गर्नेहरूबाट निराश तथा हतोत्साह नहुन विश्वासीहरूलाई पत्रुसले उत्साह दिन्छन्। परमेश्वरलाई बिश्वास नगर्ने जातिहरूलाई उहाँले पछि न्याय गर्नुहुनेछ। त्यसकारण तिनीहरूले के भन्लान् वा के सोच्लान् भन्ने कुरामा विश्वासीहरू चिन्ता गर्नु आवश्यक छैन भनेर पत्रुसले भन्दछन् (१ पत्रुस ४:५)।

पत्रुसले जे औंल्याउँछन् सो गम्भिर र महत्त्वपुर्ण छ। अरूहरूको कुरा सुनेर दवावमा परेर कतिजना मानिसहरू परमेश्वरमाथिको आस्था छोड्छन्। त्यस्ता विश्वासीहरू आफ्नो आस्थामा अडिग रहनुको सट्टा अरूहरूको कुरा सुनेर आस्थाबाट ढल्दछन्। विशेष गरेर युवायुवतीहरू त्यस खालको धरापमा सजिलैसँग पर्दछन्। साथीभाइहरूको दवावमा परेर आजका युवाहरू जे गर्न पनि तयार हुन्छन्।

तर अरूहरूले हामीहरूलाई मान्लान नमाल्नान् भनेर फिक्रि गर्नुहुन्न न त तिनीहरूको भनाई अनुसार चल्नुपर्छ। बरू विश्वासीहरू अरूप्रति सदाशयी,

दयालु र मायालु हुनुपर्छ (१ पत्रस ४:८,९ रूपान्तरित)। ती कुनै इसाई भएको हैशियतले यो गर्नुपर्छ त्यो गर्नुपर्छ भनेर सूचीमा थप्ने कुरा होइन। तर येशूलाई विश्वास गरेको कारण ती गुणहरू अत्यन्त अपरिहार्य छ र हामीहरूका वरिपरि रहेकाहरूसँग सतसङ्ग गर्न ती गुणहरू हामीहरूमा नभै हुँदैन। त्यसैकारण प्रार्थनाहरूमा हामीहरू गम्भिर हुनुपर्छ भनेर पत्रुसले सल्लाह दिन्छन् (१ पत्रुस ४:७)। किनभने कतिपय समयमा हामीहरूका नजिक रहनेहरूलाई दया देखाउनुपर्नेको सट्टा परमेश्वरलाई विश्वास नगर्ने समूहलाई खुशी पार्न जोड गर्छौं भन्ने कुरा परमेश्वरलाई थाहा छ। हामीलाई दवाब दिनेहरूको निम्ति प्रार्थना गर्नु आवश्यक छ र तिनीहरूको समस्याहरूप्रति संवेदनशील हुन पनि परमेश्वरसँग प्रार्थना गर्नुपर्छ। हामीहरू राजकिय बंश र पवित्र पुजारीहरू भएको हैशियतले हामीहरूले असल काम गरेर अरूहरूलाई प्रभाव पार्नु जरुरी छ तर तिनीहरूले खराब काम गर्न हामीलाई प्रभाव पार्न दिन हुँदैन। तर खराबले प्रभाव पारेकोले गर्दा इस्राएलको इतिहास दुःखमय छ। इस्राएलमा अबिश्वासी वा मूर्तीपूजकहरूले असल काम गर्न प्रभाव पारेका थिएनन्। बरू धर्मको नाउँमा दुष्ट काम गर्न इस्राएलीहरूलाई दवाब दिएका थिए।

तपाईं साथी तथा परम्पराको नाउँमा आफन्तहरूबाट कस्तो दवाब पाइरहनुभएको छ? तपाईं आफ्नो आस्थामा कसरी बलियो भएर बस्ने? खराबलाई असल काम गरेर जित (रोमी १२:२१) भन्ने पावलको भनाई त्यस्तो परिस्थितिमा कसरी असल सावित हुनसक्छ?

## ३. भविष्यवाणीका वचनहरूको अझ बढि भर र निश्चयीता (२ पत्रुस १:१६-२१)

भविष्यवाणी बोल्न सक्ने क्षमता कतिको महत्त्वपूर्ण छ भनेर २ पत्रुस १:१६-२१ले के भन्छ? हेर्नुहोस्: "१६ किनकि हामीले तिमीहरूलाई हाम्रा प्रभु येशू ख्रीष्टको महाशक्ति र आगमनको समाचार दिंदा धूर्ततासँग रचिएका दन्त्यकथाहरूको हामीले अनुसरण गरेनौं, तर उहाँको वैभव प्रत्यक्ष देख्ने हामी साक्षी हौं। १७ उहाँले परमेश्वर पिताबाट आदर र महिमा प्राप्त गर्नुभयो, जब त्यस तेजस्वी महिमाबाट एउटा वाणी निस्किआयो, "यिनी मेरा प्रिय पुत्र हुन्, जससँग म अति प्रसन्न छु।" १८ त्यस पवित्र डाँड़ामा हामी उहाँसँग हुँदा स्वर्गबाट आएको त्यो वाणी हामी आफैले सुनेका थियौं। १९ हामीसित भएका अगमवक्ताहरूको वचन अझ निश्चित भएको छ। झिसमिसे उज्यालो

नहोउञ्जेल र तिमीहरूका हृदयमा बिहानको तारा नउदाउञ्जेल अन्धकारमा बलिरहेको दियोलाई झैं तिमीहरूले त्यस वचनलाई ध्यान दियौ भने असल गर्नेछौ। २० सर्वप्रथम तिमीहरूले यो बुझ्नुपर्दछ, कि पवित्रधर्मशास्त्रको कुनै अगमवाणी व्यक्तिगत व्याख्याको विषय होइन। २१ किनकि मानिसको इच्छाबाट कुनै अगमवाणी आएन, तर पवित्र आत्माबाट प्रेरणा पाएर मानिसहरूले परमेश्वरको तर्फबाट बोलेका हुन्।"

आफ्नो समयकालमा पत्रुसले धेरै कुराहरू देखेका थिए। ती देखेका कुराहरूको केही सूचीहरू माथीका पदहरूले यसरी उल्लेख गरिएको छः (१) येशूको बप्तिस्मा (२ पत्रुस १:१७) (२) पहाडमा येशूको रूप परिवर्तन (२ पत्रुस १:१८) (३) र येशूको बारेमा गरिएका भविष्यवाणीहरूको समर्थन (२ पत्रुस १:१९)। ती प्रत्येक घट्नाहरूले पत्रुसमाथि ठूलो प्रभाव पारेका थिए। तर उनले अन्तिम बुँदा भविष्यवाणीहरूको बारेमा बढि समय दिएको देखिन्छ। आफू येशूका असफल चेलाभएको अनुभव गर्नुपर्दा पछि गएर येशूको अस्तित्व भविष्यवाणी अनुसार पूरा भएको आफूले ठोकुवा गरेर भन्नुपर्ने अवस्थामा पुग्नु परेकोले हुनुपर्छ। येशूले भन्नुभएको कुरा आफूलाई सबै थाहा पाएको छ भन्ने उनले मनमा राख्न पुगेकोले कतिपय समयमा येशूले के भनीरहनुभएको थियो सोतर्फ उनले ध्यान धेरै पल्ट दिएका थिएनन्। यरुशलेममा आफूलाई अतिवादी यहूदी निष्ठुर पूजारीहरूको हातबाट क्रुर यातना सहनुपर्नेछ भनेर येशूले कतिपल्ट भविष्यवाणी गर्नुहुँदा के पत्रुसले उनको मर्मलाई सुनेका थिए र? जब येशूले धेरै पल्ट भन्नुभएको अनुसार ठ्याक्कै पूरा हुन आयो तब पत्रुस कतिपल्ट त्यसको सामना गर्न तयार थियो त? पत्रुसले येशूलाई तिन पल्ट अस्वीकार गर्नेछ अर्थात् कसैले उनलाई "के तिमी पनि येशूलाई विश्वास गर्ने होइन र?" भनेर सोध्दा आफू होइन भनेर जवाफ दिन पुग्नुपर्दा त्यो उनको निम्ति पिडादायी भएको थियो। त्यो उनको निम्ति ठूलो असफलता थियो। येशूलाई चिनेको छैन भनेर कहिलै पनि भन्ने छैन भनेर वचन दिंदा पनि डरले उहाँलाई चिनेको छैन भनेर जवाफ दिने अवस्थामा आफू पर्नु नै उनको निम्ति उनको जीवनमा सबभन्दा तल्लो स्तरमा गिरेको अनुभव भएको थियो।

आफ्नै अनुभवलाई ख्यालमा राखेर नै पत्रुसले येशूको निम्ति कसरी बफादारी भक्त बन्ने भनेर व्याख्या गर्न सक्षम् भएको थियो। अत्यन्त महान् र अमूल्यका प्रतिज्ञाहरूको पछि लाग्न येशूभक्तहरूलाई सम्झाएका थिए ताकि येशूको स्वभावमा तिनीहरू पनि सहभागी हुन सकुन्। ती प्रतिज्ञाहरूले संसारका

खराब तत्वहरूबाट बिश्वासी भाग्न सफल पार्न सक्छ। ती खराब तथा दुष्टता आफ्नो मात्र भाऊ खोज्ने पापी आकाँक्षाका फल हुन् (१ पत्रुस १:४)। विश्वासीहरू शैतानको चलखेलबाट उम्किरहेको छ कि छैन वा दुष्ट नियतबाट छुटकारा पाएको छ कि छैन भनेर जाँच्न पत्रुसले येशूभक्तको निम्ति देहायका महत्त्वपूर्ण नीतिहरू आफ्नो जीवनमा लागु गर्न अनुरोध गर्दछन्ः विश्वास तथा अगाढ आस्थामा अडिग हुनु, नैतिक शुद्धता वा सदाचार तथा सदगुणले परपक्व हुनु, आत्मज्ञानले दिमाग भर्नु, आत्मसंयम अर्थात् जोशको भरले होइन होस पुऱ्याएर चल्नु, धैर्यताको खानी हुनु, ईश्वरीय स्वभाव वा धर्मपरायणताले सुसज्जित हुनु, दाजुभाईप्रति दया तथा सदाशयता देखाउन अग्रसर हुनु र प्रेमले भरिपूर्ण हुनु (२ पत्रुस १:५-८ रूपान्तरित)। माथिका कदमहरू एक खुड्किलामाथि अर्को थपिँदै जाने हो। ती सबै नीतिहरू अपनाउनु भनेको एउटा स्वादिलो मिठाइमा विभिन्न परिकारहरू मिसाउनु जस्तै हो। पावलले त ती गुणहरूलाई फलहरू नभनी फल भनेर संज्ञा दिएका छन् (गलाती ५:२२,२३)। त्यसको अर्थ ती सबै गुणहरू एकै तत्वमा मिसिएको खण्डमा तिनीहरूलाई फेरि अलग पार्न सकिँदैन।

पत्रुस एक कदम अगाडि बढेर भन्छन् कि यदि विश्वासीहरू ती गुणहरूलाई आफ्नो जीवनको नीतिको भाग बनाइएमा र आफ्नो बोलाहत वा आफूलाई येशूभक्त भनेर चुनिएको छ भनेर होशियारसाथ प्रतिवद्धतापूर्वक चलेमा तिनीहरू शैतानको जालझेलमा पर्नेछैनन् भनेर उनले भन्दछन् (२ पत्रुस १:१०)।

यो कुरा याद गर्नुहोस् पत्रुसले येशूलाई विश्वास नगर्नेहरूको निम्ति लेखेका थिएनन् तर प्रभु येशूप्रति आस्थामा मजबूत भएका इसाईहरूको निम्ति लेखेका थिए। कुनै बिशेष नीतिनियम वा परम्पराबिधिहरू पालन गरेमा स्वर्ग जाने टिकट मिल्छ भनेर पत्रुसले भनिरहेका छैनन्। त्यस समयकालको परिस्थिति, मनोबृत्ति र आचरणसँग पत्रुसले तुलनामात्र गरेका हुन् ताकि इसाई हुँ भनेर दावी गर्नेहरूले आफ्नो शक्ति वा बल केवल सकारात्मक तत्वहरूमा मात्र खर्च गरुन् भन्ने उनको चाहना थियो। तर दुर्भाग्यवस कतिपय इसाई भनाउँदाहरू नकरात्मक अवगुणहरूमा पौडि खेल्न रुचाउँछन्।

## ४. गिल्ला गर्नेहरू (२ पत्रुस ३:३-७)

बिगत कुराहरूले वर्तमान र भविष्यलाई सम्हाल्न कसरी सहयोग गर्छन् भनेर पत्रुसले २ पत्रुस ३:३-७मा कसरी भन्दछन्? हेर्नुहोस्: "३ सर्वप्रथम तिमीहरूले यो बुझ्नुपर्छ, कि पछिल्ला दिनहरूमा गिल्ला गर्नेहरू गिल्ला गर्दै, तिनीहरूका आफ्नै अभिलाषामा यसो भन्दै आउनेछन्, ४ "उहाँका आगमनको प्रतिज्ञा कहाँ गयो? किनकि पिता-पुर्खाहरू सुतिसकेका दिनदेखि नै सबै कुरा सृष्टिको सुरुदेखि चलिआएजस्तै आज पनि छँदैछ।" ५ जानी-बुझिकन पनि तिनीहरू यस कुराको वास्ता गर्दैनन्, कि परमेश्वरको वचनद्वारा स्वर्गहरू अघिदेखि नै थिए, र पृथ्वीचाहिँ पानीबाट र पानीद्वारा नै बनाइयो। ६ त्यही पानीबाट त्यस समयको संसार जलप्रलयमा डुबेर नष्ट भयो। ७ तर त्यही वचनले भक्तिहीन मानिसको इन्साफ र विनाशका दिनसम्मको लागि अहिलेको आकाश र पृथ्वी आगोको निम्ति साँचिराखिएका छन्।"

**हुन त ज्योति र अन्धकारको बीचमा र येशूलाई विश्वास गरेर उहाँप्रतिको निष्ठामा हिँड्नेहरू र उहाँलाई विश्वास नगर्ने दुष्टहरूको बीचमा भइरहेको युद्ध सिद्धिनै लागेको देखिन्छ। शैतान भोको सिहँ जस्तो अर्को आहारा खोज्न गर्ज्रिँदै डुलिरहको छ (१ पत्रुस ५:८)। विश्वासीहरूको गिल्लाहरूले उसलाई सहयोग गरिरहेको हुन्छ। विश्वासीहरूको गिल्ला गर्नेहरू उपहासकारहरू हुन्। तिनीहरूका तर्कहरू र कठित बैज्ञानिक बादबिबादले (२ पत्रुस ३:३,४) ती उपहासकारहरू विश्वासीहरूका आस्थालाई ध्वस्त पार्न चाहन्छ। ती मानिसहरू कामबासनामा डुबिरहन र आध्यात्मिक भन्दा भौतिक सौखमा मोजमज्जा गर्ने जीवनशैली अपनाउन चाहेकोले नै परमेश्वरका जनहरूको खिस्सी उडाउँछन् (२ पत्रुस ३:३, यहूदा १८)। जे हुनुथियो सो भइरहेकोले येशूको आगमनको औचित्य नरहेको भनेर तिनीहरूले सिकाउँछन्।**

**ती खिल्ली उडाउनेहरूको एउटा कुरामा हामीलाई हल्लाउन खोज्दछन। येशूले भन्नुभएको थियो, (म फेरि पनि आउनेछु (यूहन्ना १४:-३" तर ती उपहासकारहरूले भन्छन् "येशू फेरि आउनुहुन्न" (२ पत्रुस ३:४)। यो यथार्थमा अदनको बँगैचाको प्रतिध्वनी हो जहाँ परमेश्वरले भन्नुभएको थियो "जुन् दिन तिमीले असल र खराबको ज्ञान दिने रूखको फल खान्छौ त्यो दिन तिमी मर्नेछौ।" (उत्पत्ति २:१७ रूपान्तरित)। तर शैतानले भन्यो "अहँ तिमी अवस्यपनि मर्नेछैनौ" (उत्पत्ति ३:४)। शैतानको वचन परमेश्वरको वचन (बाइबल)को ठिक उल्टो थियो। अहिले पनि बिभिन्न गिल्ला गर्नेहरूद्वारा शैतान**

**बोलेर येशूको दोस्रो आगमनको प्रतिज्ञालाई असत्य पार्न मानिसहरूलाई उक्साइरहेका छन्। अदनको बँगैचामा जस्तो एकल आवाज नभएर आज शैतानले बिभिन्न आवाजहरू बिभिन्न ठाउँहरूबाट परमेश्वरको वचनलाई झुठा ठहराउन खोजिरहेका छन्। त्यो असत्य हो भनेर पत्रुसले हामीलाई अगाडि नै भनेकोले हामीले उनको सराहना गर्नुपर्छ। जब जब मानिसहरूले येशूको आगमनको प्रतिज्ञाको खिल्लि उडाउँछन् तब तब तिनीहरू आफै पत्रुसले भनेका भविष्यवाणी पूरा भइरहेको देखाउँछन्।**

**विगत समयमा पृथ्वी जलमय भएर नाश भएको इतिहासले बताउँछ। तर गिल्ला गर्नेहरूले त्यो थाहा पाउन चाहन्दैनन्। मानिसहरूको व्यक्तिगत जीवनमा परमेश्वरको सरोकार छैन भनेर उहाँको गिल्ला गर्नेहरूले भन्छन्। त्यही परमेश्वर जसले पानीद्वारा यस संसार ध्वस्त बनाउनुभएको थियो उहाँले महान् न्यायको दिनमा आगोद्वारा भष्म पार्नहुनेछ भनेर गिल्ला गर्नेहरूले थाहा पाउन चाहेको हुँदैनन् (२ पत्रुस ३:५-७)। यो प्राकृतिक संसार जस्तो छ त्यस्तै गरेर चलिरहनेछ भनेर झुठा आश्वासन ती उपहासकारहरूले फैलाइरहेका छन्।**

हो, बर्षौं बितिरहेको छ, येशूको दोस्रो आगमनको प्रतिज्ञालाई हामीले कसरी पकडिराखिरहेकाछौं? हामीहरूको जीवनको रहनसहनमा त्यो प्रतिज्ञाको औचित्य के छ?

## ५. येशूको छिट्टो आगमनको चाहना (२ पत्रुस ३:८-१४)

**येशूको दोस्रो आगमनको पर्खाइमा हामी रहेका बिश्वासीहरूको निम्ति त्यो दिन कहिलै आउँदैन जस्तो लाग्न सक्छ। तर परमेश्वरको निम्ति समयको समस्या होइन। परमेश्वरको निम्ति एक दिन हजार दिन जस्तो छ भने हजार दिन एक दिन जस्तो छ (२ पत्रुस ३:८)। बाइबलभरि अन्त जहिले पनि नजिक हुने गरेको छ चाहे पुरानो करारमा परमेश्वरको दिन होस् वा नयाँ करारमा ख्रीष्टको आगमनको दिन होस्।**

पत्रुस र अगमवक्ता दानिएलले भनेको अनुसार हामीलाई अनन्तको आशा के दिइएको छ? हेर्नुहोस्: २ पत्रुस ३:८-१४ "८ तर प्रिय हो, यो एउटा कुरा नभुल, कि प्रभुको निम्ति एक दिन हजार वर्षझैं र हजार वर्ष एक दिनझैं हुन्छ। ९ आफ्नो प्रतिज्ञाको बारेमा प्रभु ढिलो गर्नुहुन्छ भन्ने कसै-कसैको भनाइ भए तापनि उहाँ ढिलो गर्नुहुन्न, तर कोही पनि नष्ट नहोस्, तर सबै जनाले पश्चात्ताप गरून् भन्ने इच्छा गरेर प्रभु तिमीहरूप्रति धैर्यवान् हुनुहुन्छ।

१० तर प्रभुको दिन त चोरजस्तै गरी झट्टै आउनेछ, जसमा आकाशचाहिँ ठूलो आवाजसाथ बितिजानेछ, तत्त्वहरू आगोको रापले पग्लिनेछन्, र पृथ्वी र त्यसमा भएका सबै थोक भस्म हुनेछन्। ११ यी सबै कुराहरू यसरी पग्लन्छन् भन्ने जानेर पवित्रता र भक्तिको जीवनमा तिमीहरू कस्ता किसिमका मानिस हुनुपर्छ? १२ तिमीहरू परमेश्वरको दिन प्रतीक्षा गर्दछौ, र त्यस दिनलाई नजिक ल्याउन चाहन्छौ, जुन दिन आकाशहरू जलेर भस्म हुनेछन्, र तत्त्वहरू आगोको रापमा पग्लनेछन्। १३ तर उहाँको प्रतिज्ञाबमोजिम हामी नयाँ स्वर्ग र नयाँ पृथ्वीको बाटो हेर्छौं, जसमा धार्मिकताले वास गर्छ। १४ यसकारण प्रिय हो, तिमीहरू यी कुराको प्रतीक्षा गर्नेहरू भएका हुनाले, उहाँको दृष्टिमा तिमीहरू दाग वा खोट नभएकाहरू र शान्तिमा बस्नेहरू हुन प्रयत्न गर।" दानिएल २:३१-३५, ४४,४५ "३१ "हे महाराजा, हजूरले हेरिरहनुहुँदा एउटा ठूलो सालिक उभिएको देख्नुभयो। यो सालिक विशाल र अत्यन्तै चहकिलो देखिन्थ्यो र त्यसको रूप भयानक थियो। ३२ त्यस सालिकको टाउको निक्खर सुनको, त्यसका छाती र हातहरू चाँदीका, त्यसका पेट र तिघ्राहरू काँसाका, ३३ त्यसका गोड़ाहरू फलामका, र त्यसका खुट्टाहरू केही फलाम र केही माटोका थिए। ३४ हजूरले हेरिरहनुहुँदा चट्टानबाट एउटा ढुङ्गा काटियो, तर मानिसको हातद्वारा होइन। यसले त्यस सालिकका फलाम र माटोले बनेका खुट्टालाई हान्यो र ती चकनाचूर पारिदियो। ३५ त्यसपछि त्यो फलाम, काँसो, चाँदी र सुन सबै एकै चोटि धूलोपीठो भए, र ग्रीष्म ऋतुमा अन्न चुट्ने खलाबाट भुसलाई उड़ाएझैं बतासले त्यसलाई नाउँनिशानै नहुने गरी उड़ाएर लग्यो। तर त्यस सालिकलाई हान्ने त्यो ढुङ्गा बढ्दैगएर ठूलो पहाड़ बन्यो र पूरै पृथ्वीलाई ढाकिदियो।.... ४४ "यी राजाहरूको समयमा स्वर्गका परमेश्वरले एउटा राज्य खड़ा गर्नुहुनेछ, जुनचाहिँ कहिल्यै नष्ट हुनेछैन, न त यसको सार्वभौमिकता अरू कुनै जातिको हातमा दिइनेछ। यसले यी सबै राज्यहरूलाई चकनाचूर पार्नेछ र अन्त्य गर्नेछ, तर यो राज्यचाहिँ सदासर्वदा रहिरहनेछ। ४५ हजूरले देख्नुभएको ढुङ्गाको अर्थ यही हो, जुनचाहिँ मानिसको हातद्वारा नकाटिईकनै पहरोबाट आएको थियो– त्यो ढुङ्गा जसले फलाम, काँसो, माटो, चाँदी र सुनलाई धूलोपीठो पारिदियो। "महान् परमेश्वरले महाराजालाई भविष्यमा हुने कुराहरू देखाउनुभएको छ। त्यो सपना सत्य हो, र यसको अर्थ विश्वासयोग्य छ।"

**पुरानो करारमा उल्लेख गरिएका अगमवाणीहरूमा दुष्टता कहिलेसम्म चलिरहन्छ र परमेश्वर कति समयसम्म पर्खीरहन सक्छ त्यसको सिमाना छ**

भनेर स्पष्ट रूपमा तोकिएको पाइन्छ। यस संसारमा भएका पाप र कष्टलाई अन्त्य गरि यस पृथ्वीलाई पहिलाको जस्तै सिद्ध तथा उत्कृष्ट अवस्थामा परिवर्तन गर्ने परमेश्वरको योजनालाई उहाँले राजा नेबुक्दनेजारलाई दिइएको भविष्यवाणीमूलक दर्शनबाट समस्त मानव प्राणीलाई खुलासा गर्नुभएको छ। अगमवक्ता दानिएलले त्यस भविष्यवाणीको भेद बताएका थिए।

सबै थोक वा यस संसारको अन्त्य कसरी हुनेछ वा हुनेछैन भन्ने सोचले हामीहरूको बर्तमान जीवनको आचरणलाई प्रभाव पार्दछ (२ पत्रुस ३:१२)। हामीहरूको दैनिक जीवनको सानोतिनो कुरामा परमेश्वरको चासो छैन भनेर उहाँलाई पन्छाउन खोज्छौं भने हामीमा परमेश्वरप्रति शङ्का उत्पन्न हुन्छ र हामी पनि उहाँको खिस्सी गर्नेहरूको जमातमा सम्मिलित हुन जानेछौं। तर यदि सबै थोकको अन्त्यमा विश्वास गर्नुको अर्थ एक दिन करुणामय परमेश्वरले यस संसारमा भएका पापलाई अन्तमा पखाल्नुहुनेछ भन्ने शिक्षामा अडिग रहन सक्षम् बन्नु हो। यदि त्यो आत्मसात् हामीले गर्‍यौं भने हामी नयाँ स्वर्ग र नयाँ पृथ्वीको अपेक्षामा बाँचिरहेका हुनेछौं जुन् कि परमेश्वरका भक्त तथा धर्मीहरूको निम्त घर हो (२ पत्रुस ३:१३)।

हामीहरूको प्रवृत्ति वा मनोबृत्ति र व्यक्तिगत आचरणप्रति पत्रुसले गम्भिर आवाज उठाएका थिए। सिद्ध तथा शुद्ध र निर्दोष तथा निष्कलङ्क जीवन बिताउन कडा प्रयत्न गर भनेर पत्रुसले आह्वान गर्दछन् (२ पत्रुस ३:१४ रूपान्तरित)। यदि पत्रुसले व्यक्त गरेका त्यस आह्वानमामात्र अड्कियौं भने "ए, ल पत्रुसले त कामद्वारा मुक्ति पाइन्छ भनेर पो सिकाइरहेका छन्" भनेर हामी ठान्नेछौं। तर त्यस गलत धारणाबाट बच्न पत्रुसले थप्दछन् "परमेश्वरको धैर्यताको अर्थ हामीले पाउने मुक्ति हो" जुन् विश्वास पावलले पनि अनुमोदन गरेका थिए (२ पत्रुस ३:१५)।

निष्कलङ्क रहनु हामीहरूको लक्ष्य हो। अय्यूबको बारेमा त्यही वर्णन गरिएको थियो। अय्यूब निष्कलङ्कित वा खोटरहित थिए किनभने उनले परमेश्वरको भय मान्थे र दुष्ट काम गर्न पन्छिएर बसेका थिए (अय्युब १:१ रूपान्तरित)। प्रभु येशू ख्रीष्टले परमेश्वर पिताको सामु हाम्रो त्यही निष्कलङ्क चरित्र देखाएर हामीलाई उभ्याउनुहुनेछ(१ कोरन्थी १:८, कलस्सी १:२२, १ थेस्सोलिनिकी ३:१३, १ थेस्सोलिनिकी ५:२३)। निर्दोष र निष्कलङ्क चरित्र हामीमा हुने रे? हामीलाई त्यही स्तरमा पुर्‍याउन येशू बलिको पाठो हुनुभएको

थियो (प्रस्थान् १२:५, लैव्य १:३, हिब्रू ९:१४, १ पत्रुस १:१९)। चर्चलाई परमेश्वर पिताको सामु निर्दोष साबित गराएर उभ्याउनुहुनेछ (एफिसी ५:२७)।

पापलाई जितेर बस्ने चाहना, विश्वासमा अघि बढिरहने अडान, दुष्ट काम गर्नबाट पन्छिएर बस्ने हामीहरूको निर्णय र पवित्र तथा निर्दोषीको जीवन बिताउने हामीहरूको कदमको निम्ति हामीलाई विश्वासबाट दिइएको येशूको धार्मिकतामा किन भर पर्नु पर्छ? ख्रीष्टबाट र उपरोक्त प्रतिज्ञाबाट हामी बिचलित भयौं भने हामीहरूको विश्वास कसरी ढलमलिन सक्छ? सोच्नुहोस्।

**उपसंहारः**

थप जानकारीः "सृष्टिको सुरूदेखि जे भइरहेको छ सो चलिरहनेछ" (१ पत्रुस ३:४ रूपान्तरित) भनेर परमेश्वरको उपहास गर्नेहरूले सिकाउनेछ भनेर पत्रुसले विश्वासीहरूलाई सतर्क गराएका थिए। यो कुनै नौलो कुरो थिएन। जलप्रलयभन्दा अघि त्यसताकाका मानिसहरूमा त्यही सोच थियो। "समय बित्दै जाँदा तुरन्तै ती मानिसहरूको सामु तिनीहरूका वरिपरि रहेका प्राकृतिक वातावरणमा केहि परिवर्तन नभएको तिनीहरूले देखेका थिए। त्यसकारण नोहाको वचनमा केही हदमा डर मानेर थुरथुर काम्नेहरू सुरो तथा निडर हुन थाले। परमेश्वरका भन्दा प्रकृति वढि शक्तिशाली छ भनेर तिनीहरूले निष्कर्ष निकाल्न थाले। प्रकृतिको नियम यस्तो बलियो छ कि परमेश्वरले आफैले परिवर्तन गर्न नसक्ने भनेर सोच्न थाले। यदि नोहाको वचन ठीक थियो भने प्रकृतिले उल्टो बाटो लिनेछ भनेर तिनीहरूले तर्क गर्न थाले। त्यसकारण तिनीहरूले गरेका तर्कहरूलाई ठूलो झुठोमा परिणत गरे र विश्वलाई छकाउन थाले। परमेश्वरले दिनुभएको चेतावनीहरूलाई वेवास्ता गरेर तिनीहरूले पहिला जस्तो थियो त्यही गतिमा हिंड्न थाले। यदि नोहाले भनेको कुरामा कुनै सत्यता छ भने अरू प्रख्यात र बुद्धिमानी तथा ज्ञानी मानिसहरूले बुझ्ने थियो।"-एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. ९७बाट रूपान्तरित। आजका महान् व्यक्तित्वहरूले पनि त्यही कुरो दोऱ्याइरहेका छन्। प्रकृतिका नियमहरू तय र स्थीर भइसकेका छन् र जस्तो थियो त्यसरी नै निरन्तररूपमा पहिला जस्तो चलिरहनेछ। यथार्थमा बिकासवाद सिद्धान्त (थ्योरी अभ इभ्युल्युशन)ले त्यही सिकाउँछ। प्रकृतिको नियम अनुसार जीवनलाई व्याख्या गर्न सकिन्छ भनेर तिनीहरूले भन्दछन्। प्रकृतिलाई परमेश्वरको आवश्यकता छैन भनेर कतिपय वैज्ञानिक तथा दार्शनिकहरूले सिकाउँछन्। ती महान् व्यक्तित्वहरू नोहाको

पालामा गलत थिए भने अहिले पनि गलत नै छन्। त्यसकैकारण पावलले भनेका कुराहरूमा हामी छक्क पर्नु आवश्यक छैन "यस संसारका बुद्धि ज्ञानहरू परमेश्वरको आँखाको सामु मूर्ख छन" (१ कोरन्थी ३:१९ रूपान्तरित)। जलप्रलय भन्दा त्यस स्थिति बुद्धिमानी भनाउँदाहरूमा थियो, पत्रुसको समयमा थियो भने हामीहरूको समयमा पनि छन्।

**चिन्तनमनन:**

अ. येशूलाई विश्वास गर्नुपर्ने धेरै कारणहरू पत्रुसमा थियो। तर उनले विशेष गरेर भविष्यवाणीका निश्चित वचनहरूलाई औंल्याएका थिए। बाइबलका भविष्यवाणीहरू हाम्रो निम्ति किन धेरै महत्त्वपूर्ण छ? येशूको प्रथम् आगमनमा उहाँ मसीह हुनुहुन्छ भनेर भविष्यवाणीले कसरी प्रमाणित गर्दछ? ती भविष्यवाणीहरूले दोस्रो आगमनको बारेमा हामीलाई कस्तो आशा दिलाउँछ? भविष्यवाणीबिना येशूको दोस्रो आगमनको प्रतिज्ञाको बारेमा हामीले कसरी जानकारी हुने?

आ. साथी साथीको बीचमा हुने दवाबको बारेमा सोच्दा प्रायजसो हामीले युवायुवतीहरूलाई लक्षित गर्दछौं। तर त्यो गलत हो। हामीहरूकै साथीहरूबाट हामीलाई तिनीहरूको जमातमा हुलियोस् भनेर हामी चाहना गर्दछौं। यदि तिनीहरूले हामीलाई मनपरायो भनेर तिनीहरूलाई सुसमाचार सुनाउने अवसर पाउँछौं भनेर हामी तर्क गर्दछौं। तिनीहरूबाट अलग भएर बसियौं भने हामीहरूको कुरा तिनीहरूले सुन्दैन भनेर हामी निश्कर्षमा निकाल्छौं, होइन त? यदि हामीहरूको चाहना अरूलाई खुशी पार्ने हो भने हामीहरूको आस्थालाई कमजोर नपार्न हामी कसरी सतर्क भएर बस्ने? अरूलाई खुशी पार्नेको नाउँमा हामीहरूको विश्वाससँग सम्झौता गर्न सोचेको भन्दा किन सजिलो हुन्छ?